चौवीसौ वार्षिक साधारण सभाको
निर्णय (माईन्युट) को विवरण

महालक्ष्मी विकास बैंक लिमिटेड
केन्द्रीय कार्यालय
दरबारमार्ग, काठमाडौ

महालक्ष्मी विकास बैंक लिमिटेडको चौवीसौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को चौवीसौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल र निर्णय गरियो ।

२ **सभाको मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष महिना २१ गते सोमबार (तद्अनुसार जनवरी ५, २०२६) ।
समय : विहान १०.०० बजे ।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, टुडिखेल, काठमाडौं ।
सभा सम्पन्न् : दिनको ५:०० बजे ।

३ **सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको संचालक समितिको मिति २०८२/८/२४ (तद्अनुसार १० डिसेम्बर, २०२५) गते बसेको सञ्चालक समितिको ६३७ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरु ले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com.np मा राखिएको र मिति २०८२/८/२५ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक तथा पुनः मिति २०८२/९/३ गतेको अभियान राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना र कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिबेदन, कम्पनीको वित्तीय विवरणहरु, साधारण सभा बस्ने बारेको प्रकाशित सार्बजनिक सूचनामा शेयरधनीहरुको जानकारीका लागी कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ वित्तीय विवरण समेत प्रकाशित गरिएको साथै शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थितिका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज लि, र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.लाई अनुरोध गरी पत्राचार गरिएको ।

(घ) आमन्त्रितको रुपमा बाह्य लेखापरीक्षक PKF T.R.Upadhya & Co. र कानुनी सल्लाहकार जुरिष्ट एण्ड कम्पनीलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) वार्षिक साधारण सभाको सम्वन्धमा नेपाल राष्ट्र बैंकलाई पत्राचार गरि जानकारी गराईएको ।

४. **छलफलका बिषयहरु**

(क) सामान्य प्रस्तावहरु :–

(१) अध्यक्षज्युको मन्तब्य सहित चौवीसौ बार्षिक साधारण सभा (आ.व.२०८१/८२) को प्रयोजनका लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीत गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८१/०८२ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत बार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसूचीहरु पारीत गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/०८२ सम्मको संचित मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,२९,६४,५८,१५८/– को ५.३७ प्रतिशतले हुन आउने रु.२३,०७,१९,८०३/०८ (अक्षरेपी तेईस करोड सात लाख उन्नाईस हजार आठ सय तिन

र पैसा आठ मात्र) नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने) ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने । (PKF T.R. Upadhya & Co पुनः नियुक्त हुन सक्नुहुनेछ) ।

(५) विकास बैंकको नियमावली बमोजिम संस्थापक समुह (क) बाट ३ जना र सर्बसाधारण समुह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्बाचन गर्ने ।

(६) स्वतन्त्र सञ्चालक नियुक्तीको जानकारी सम्बन्धमा ।

(७) बैंकको कर्पोरेट भवन बनाउनका लागि आवश्यक जग्गा वा भवन खरिद सम्बन्धमा ।

(ख) बिशेष प्रस्तावहरु :–

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/०८२ सम्मको संचित मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूंजीको ५ प्रतिशतका दरले हुन आउने रकम रु.२१,४८,२२,९०७/९० (अक्षरेपी एक्काईस करोड अड्चालीस लाख वाईस हजार नौ सय सात र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारीत गर्ने ।

(२) बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि गर्न पारीत भए अनुसार प्रबन्धपत्र को दफा ५ (ख), (ग), संशोधन/परिमार्जन गर्ने ।

(३) विकास बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र मा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्रमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

५. सभामा उपस्थिति :-

(क) सञ्चालकहरुको उपस्थिति :

श्री राजेश उपाध्याय	अध्यक्ष
श्री संजय गिरी	सञ्चालक
श्री श्याम सुन्दर रुङ्गटा	सञ्चालक
श्री रुपेन्द्र पौडेल	सञ्चालक
श्री राहुल अग्रवाल	सञ्चालक
श्री अश्वीनी कुमार ठाकुर	सञ्चालक
श्री सागर मल्ल	सञ्चालक

(ख) अन्य पदाधिकारीको उपस्थिति :

श्री दिपेश लम्साल	प्रमुख कार्यकारी अधिकृत
श्री सोमराज पन्त	कम्पनी सचिव
श्री जलज कुमार अधिकारी	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री अमित बहादुर चन्द	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री अनुज आचार्य	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री सुवास जोशी	का.मु.सहायक प्रमुख कार्यकारी अधिकृत

(ग) **नियमन निकायहरु तथा संस्थागत प्रतिनिधिहरु:**

अधिकृत श्री सुकीर्ति सुवेदी - सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।

सहायक प्रवन्धक श्री गणेश श्रेष्ठ - कर्मचारी संचय कोष ।

(घ) **शेयरधनीहरुको उपस्थिति :**

१. उपस्थित शेयरधनीहरुको संख्या : ११३४ जना ।

(क) शेयरधनी स्वयम्बाट : ६०५ जना ।

(ख) प्रतिनिधि -(प्रोक्सी) बाट : ५२९ जना ।

२. शेयरधनीहरुको उपस्थिति प्रतिशत : १.१४४० प्रतिशत ।

३. शेयरको प्रतिनिधित्व संख्या : २,८०,५९,४३४ कित्ता ।

४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६५.३०८२ प्रतिशत अर्थात ११३४ जना ।

(ङ) यस सभाको मिति २०८२/०९/०७ गते सम्म शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ९९,११९ मध्ये शेयरधनीहरुको स्वयम् उपस्थितिबाट ६०५ जना तथा प्रतिनिधि (प्रोक्सी) मार्फत ५२९ जनाको उपस्थिति रहेको थियो ।

६ **गणपुरक संख्या :**

बिवरण	कुल संख्या	स्वयम् उपस्थिति	प्रतिनिधि	जम्मा	प्रतिशत
शेयरधनी संख्या	९९,११९	६०५	५२९	११३४	१.१४४०
कम्पनीको शेयर संख्या	४,२९,६४,५८१.५८	५१,२१,६४७	२,२९,३७,७८७	२,८०,५९,४३४	६५.३०८२

७. **सभाको वैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम विकास बैंकको चौविसौ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा विकास बैंकको नियमावलीको नियम (५) बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र बैंकको नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित कानुन अनुसार सञ्चालन भएको साधारण सभामा गणपुरक संख्या पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भए पश्चात सभाले गणपुरक संख्या पुगेको मन्जुर गर्दै पुर्ब सूचित सभामा छलफलको निर्धारित बिषयसूचीको क्रमानुसार जान र तत् सम्बन्धमा बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम सभा सञ्चालन गरी कारबाही अगाडी बढाउन सभाले अनुमति दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन :**

कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ बमोजिम साधारण सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यू बाट भयो । कम्पनी सचिवले अनुरोध गरे बमोजिम अध्यक्ष, सञ्चालकहरु लगायतका पदाधिकारीले सभामा आसन ग्रहण गर्नु भयो । तत् पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालन भयो ।

९. **शेयरधनीहरुको स्वागत :**

विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री दिपेश लम्सालले सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

१०. **सभाको उद्घाटन**

चौवीसौ वार्षिक साधारण सभाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाको अध्यक्षता गर्नु भएका श्री राजेश उपाध्यायज्यूबाट पानसमा दीप प्रज्वलन गरी गर्नु भयो ।

११. अध्यक्षज्युको मन्तब्यको मुख्य बुँदाहरु :

बैंकले दिगो वित्तीय सफलता हासिल गर्नको लागि नीतिगत रुपमा अल्पकालिक तथा दीर्घकालिन रणनीतिहरु तय गरेको छ। साथै सन्तुलित र निरन्तर प्रगतिको रणनीति सहित अगाडि बढिरहेको छ। ठुलो संस्था भन्दा पनि छरितो संस्था बनाउने उदेश्यका साथ बैंकले कार्य गरिरहेको छ।

सूचना प्रविधि नै आधुनिक बैंकिङ्गको आधारशिला तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार भएको कुरालाई मनन् गर्दै सुचना प्रविधिलाई सबल र विश्वसनीय बनाउनका लागि प्रबिधिको उपयुक्त प्रयोग गर्दै छिटो र सहज सेवा उपलब्ध गराउने नीति बैंकले लिएको छ।

बैंकले संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै समग्र रुपमा बैंकिङ्ग क्षेत्रमा देखिने जोखिम व्यवस्थापनलाई न्यूनिकरण गर्ने तर्फ बिशेष ध्यान दिइएको छ। उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्यका साथै "सबल बैंक सफल सहकार्य" भन्ने नारालाई चरितार्थ गर्न बैंकले व्यवसाय बृद्धि, मानव संशाधनको विकास तथा आधुनिकीकरण, कर्मचारीहरुको बृत्ति विकास तथा तालिम, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, नीति तथा कार्याबिधिको पूर्ण परिपालनाका साथै ब्राण्डिङ्गमा जोड दिएको छ।

कर्मचारीनै संस्थाको मुख्य आधारसिला भएकाले कर्मचारी व्यवस्थापनलाई सुदृढ बनाउदै Performance Based Compensation को निति सहित कर्मचारीहरुलाई उपयुक्त तालीम लगायत प्रोत्साहनका उपायहरु अवलम्बन गरिनेछ।

व्याबसाय बृद्धिमा प्रतिणाम भन्दा पनि परिणाममुखि अवलम्बन गर्ने नीति लिएको छ। बैंकको गैह्र ब्याज आम्दानीमा कमी देखिएको छ भने ब्याज आम्दानीको ठूलो रकम असुली हुन सकेको छैन। बजार बृद्धि अनुपात न्युन रहेको र कर्जाको माग समेत नभएको अवस्था रहेको साथै असुली समेत हुन नसकेकाले अत्यावश्यक बाहेक अनावश्यक खर्चहरु नियन्त्रणलाई निरन्तरता दिएका छौं। खर्च र पूँजी दुवैको व्यवस्थापनमा ध्यान दिएका कारण प्रतिकुल वातावरणका बावजुद पनि बैंकले आफ्ना वित्तीय सूचकाङ्कहरुमा प्रगति गरेको छ।

बैंकिङ्ग क्षेत्रमा देखिएका प्रतिकूल वातावरणका बिच बैंकले समिक्षा वर्ष आ.व.२०८१/०८२ को मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजीको १०.३७ प्रतिशत (५ प्रतिशत बोनश शेयर र ५.३७ प्रतिशत नगद लाभांश) ले हुन आउने रु.४४,५५,४२,७१०/९८ दिन सफल भएका छौं।

बैंकले ९ वर्षमा वितरण गरेको लाभांशको बिबरण

सि.नं	आर्थिक बर्ष	चुक्ता पूंजी (रु)	वोनस शेयर (प्रतिशत)	नगद लाभांश (प्रतिशत)	जम्मा (प्रतिशत)
१	२०७३/०७४	२,६३,३७,९७,४३४/-	-	९	९
२	२०७४/०७५	२,६३,३७,९७,४३४/-	८	७	१५
३	२०७५/०७६	२,८४,४५,०१,२३०/-	८	९.८९ (कर प्रयोजनार्थ समेत)	१७.८९
४	२०७६/०७७	३,०७,२०,६१,३२८/-	८.८०	०.४६ (कर प्रयोजनार्थ)	९.२६
५	२०७७/०७८	३,३४,२४,०२,७२४/-	२०	१.०५२६ (कर प्रयोजनार्थ)	२१.०५
६	२०७८/०७९	४,०१,०८,८३,२६९/-	४	६.४७ (कर प्रयोजनार्थ समेत)	१०.४७
७	२०७९/०८०	४,१७,१३,१८,६००/-	-	६.४ (कर प्रयोजनार्थ समेत)	६.४
८	२०८०/०८१	४,१७,१३,१८,६००/-	३	४ (कर प्रयोजनार्थ समेत)	७
९	२०८१/०८२	४,२९,६४,५८,१५८/-	५	५.३७ (कर प्रयोजनार्थ समेत)	१०.३७
जम्मा			५६.८०	४९.६५	१०६.४५

नोट : यदि कुनै शेयरधनीको आ.व २०७३/०७४ मा यदि १०० कित्ता शेयर थियो भने २०८१/०८२ सम्ममा १७१.२८ कित्ता शेयर पुग्न गएको छ। त्यस्तै १०० कित्ताको प्रति कित्ता १०० को दरले १०,००० लगानी भएकोमा

शेयरधनीहरुले आ.व २०८१/०८२ सम्म सोको नगद लाभांश जम्मा रु.६,३६४.२६ प्राप्त गर्नु भएको । प्राप्त शेयर र नगद गरि जम्मा १३५ प्रतिशत फिर्ता भएको जानकारी गराउन चाहान्छौं ।

बैंकको ज्ञानेश्वर स्थित जग्गामा भवन निर्माणको कार्य भैसकेको र युवा बर्गलाई लक्षीत गरि प्रबिधी मैत्री Lounge Banking सहितको आन्तरिक सजावटको कार्य भैरहेको जानकारी गराउन चाहान्छु ।

बैंकले आफ्नो कर्पोरेट भवन बनाउनका लागि उपयुक्त स्थानमा घरजग्गाको खोजि गरिरहेको र सैद्धान्तीक सहमतिका लागि सो प्रस्ताव यसै वार्षिक सधारण सभामा पेश भएको जानकारी गराउन चाहान्छु ।

यसै वार्षिक साधारण सभाबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्नु हुने संस्थापक शेयरधनीहरुको तर्फबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना सञ्चालकहरुको निर्वाचनको कार्यतालिका समेत रहेकोले उपस्थित शेयरधनीहरुको तर्फबाट निर्वाचनमा उल्लेख्य सहभागिता रहने छ भन्ने विश्वास लिएको छु ।

१२ सभामा प्रतिबेदन सहित पेश भएका प्रस्ताव र छलफलका लागी आह्वान :

आज बसेको बैंकको चौवीसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन,लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०८१/८२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, लगायत सभामा पेश गरिएका सामान्य प्रस्ताव र बिशेष प्रस्तावका बिषयहरु छलफलका लागि सभामा पेश भएकाले सो उपर छलफलमा भाग लिन र यस बैंकको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

१३. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :

यस बैंकको काम कारबाही, बार्षिक हरहिसाब, तथा वार्षिक प्रतिबेदनमा रहेका बिभिन्न प्रस्तावहरु माथि सभामा लिखित सुझाव दिनु हुने र उपस्थित भै आफ्नो भनाई राख्नु हुने शेयरधनी महानुभावहरु निम्न बमोजिम रहनु भएको छ :-

(क) श्री ब्यास कुमार शर्मा
(ख) श्री शत्रुघन श्रेष्ठ
(ग) श्री अच्युत राज शर्मा सापकोटा
(घ) श्री रोज कुमार श्रेष्ठ
(ङ) श्री उत्तम पाठक
(च) श्री नरसिंह लाल चखूं
(छ) श्री युगल वसेल
(ज) श्री भानु रोशन राजभण्डारी
(झ) श्री चन्द्र नारायण श्रेष्ठ
(ञ) श्री गुणराज भट्ट
(ट) श्री उत्तम दत्त पाण्डे
(ठ) श्री लक्ष्मण बहादुर श्रेष्ठ
(ड) प्रोफेसर डा.रामजी प्रसाद पण्डीत
(ढ) श्री भेषराज मण्डारी
(ण) श्री निरुपमा गुप्ता
(त) श्री जगन्नाथ आचार्य

उल्लेखित शेयरधनीहरुले सभामा व्यक्त गर्नु भएको राय, सल्लाह, सुझाव तथा लिखित रुपमा पेश गर्नु भएको राय सुझावहरु समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ :-

(क) बैंकले विगत बर्षहरुमा जस्तै यस बर्ष पनि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्रै ऐनले तोकेको समय सिमा भित्र वार्षिक साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्दछु । संस्थाले गत बर्ष भन्दा यस बर्ष बढी लाभांश दिन सकेकोमा धन्यवाद ।

(ख) यस्तो बिषम परिस्थितिमा समेत यस बैंकले मुनाफा कमाई ५ प्रतिशत बोनस शेयर र ५.३७ प्रतिशत नगद लाभांश दिन सफल भएकोमा यस बैंकका सम्पूर्ण मेहनती कर्मचारीहरु, व्यवस्थापन तथा सञ्चालक समितिलाई धन्यवाद सहित बधाई दिन चाहन्छौं । बैंक तथा वित्तीय संस्थाहरुका लागि आगामी बर्षहरु थप चुनौतीपूर्ण रहने हुदा यथार्थ तर्फ ध्यान दिन अनुरोध गर्दै बैंकलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

(ग) सभामा निर्णका लागि पेश हुन आएका प्रस्तावहरुमा हाम्रो समर्थन रहेको छ । आगामी बर्ष कम्पनीलाई प्रगतितर्फ डोहऱ्याउन यहांको रणनीति, योजना सफल रहनेमा हामीले विश्वास गरेका छौं ।

(घ) संस्थागत सामाजिक उत्तरदायीत्व अन्तर्गतको खर्च सही स्थानमा प्रयोग गर्न, तथा पुनःनिर्माण कार्यमा खर्च नगर्न अनुरोध गर्दछौं ।

(ङ) कर्जा लगानीमा सावधानी अपनाउन, ब्राण्डिङमा जोड दिन, NPL घटाउन, Recovery Team लाई बलियो बनाउन HR Efficiency मा जोड दिन अनुरोध गर्दछौं ।

(च) बैंकले घरजग्गा भाडामा लिंदा पारदर्शिता अपनाउन, खर्चमा मितव्ययीता कायम गर्न, संस्थागत सुशासन र कम्पनी ऐनको पालना गर्दै शेयरधनीहरु प्रति उत्तरदायी हुन अनुरोध गर्दछौं ।

(छ) व्यवस्थापन तहमा कर्मचारी संख्या बढी देखिएको, समितिको बैठक बढी देखिएको र शाखा खोल्दा fesibility र location को राम्रो छनौट गर्न र सबै अचल सम्पत्तिहरुको वीमा गर्न अनुरोध गर्दछौं ।

(ज) विगत बर्षहरुमा बैंकले वितरण गरेको लाभांश रकम शेयरधनीहरुले बुझिलिन बाँकी रहेको देखिएकोले यसलाई शेयरधनीहरुले नै पाउने व्यवस्था मिलाउन अनुरोध गर्दछौ ।

(झ) Recovery Team लाई प्रर्याप्त सुरक्षा व्यवस्था कायम गर्न अनुरोध गर्दछौं ।

(ञ) बैंकको कर्पोरेट कार्यालयको आफ्नै घरजग्गा हुनु गौरव गर्न लायक बिषय रहेको र आफ्नो नाममा रहेको ज्ञानेश्वरको जग्गामा भवन निर्माण गरेकोमा बधाई दिंदै नेपाल राष्ट्र बैंकको निर्देशनको पूर्ण पालना गर्न अनुरोध गर्दछौं ।

१४. शेयरधनीहरुको जिज्ञासाका सम्वन्धमा अध्यक्षज्यूबाट जबाफ :

शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव, मन्तब्य राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनीहरु बाट प्राप्त अमुल्य सल्लाह, सुझाव प्रति धन्यवाद दिदै प्राप्त सल्लाह, सुझाव बमोजिम बैंक अगाडि बढने विश्वास दिलाउंदै शेयरधनीहरुको जिज्ञासाका सम्वन्धमा निम्न बमोजिम जवाफ दिनु भयो ।

बैंकको रिजर्भमा बढी रकम भएमा हामी अझ बढी बलियो र सक्षम बन्न सक्छौं । बैंकको प्रमुख उदेश्य भनेको नाफा बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल दिने नै हो । त्यस अनुरुप गैर बैंकिङ सम्पत्ति बिकी, तथा NPA घटाउन योजना बनाई व्यवस्थापनले कार्य गरीरहेकाले NPA घटने र गैर बैंकिङ सम्पत्ति बिक्री हुने क्रममा रहेकोले सो बाट प्राप्त रकम रिर्जभमा जाने र नाफामा समाबेश हुने भएकाले त्यस तर्फ बिशेष जोड दिएका छौ । Recovery Team लाई बलियो बनाउने कार्य भएको र Team लाई सुरक्षाको प्रवन्ध गरिएकोछ । HR Efficiency मा जोड दिइ कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्य गर्न Intensive को व्यवस्था गरिएको छ । कर्जाको Quality कायम गर्ने प्रयास रहने छ ।

संस्थागत सामाजिक उत्तरदायीत्वका सम्वन्धमा नियमन निकायको निर्देशन बमोजिम उचित ठाउंमा परिचालन गरिएको अन्य संस्थाहरु भन्दा यस्ता कार्यमा हामी अगाडी नै भएकोले सर्वसाधारणमा यस बैंकको शाखमा बृद्धि भएको छ ।

व्यवसाय विस्तार र आगामी दिनमा बैंकलाई प्रगती तर्फ डोऱ्याउने सम्वन्धमा यस बैंकले ४ बर्षे रणनीतिक योजना स्वीकृत गरी कार्य अगाडी बढाई सकिएको ब्यहोरा पुन:स्मरण गराउन चाहन्छु । सुशासन भनेको संस्कारबाट आउने बिषय भएकोले संस्कारको बिकासमा जोड दिईनेछ । नेपाल राष्ट्र बैंक लगायतका नियमन निकायबाट प्राप्त निर्देशनहरु अक्षरस पालना गरिएको जानकारी गराउन चाहान्छु ।

शेयरधनीहरुको उचित सल्लाह, सुझावले आगामी दिनमा बैंकले अझै प्रगति गर्दै जानेछ भन्ने बिश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थित भै आफ्नो अमूल्य समय दिई बैंकलाई गहकिलो सल्लाह, सुझाव दिनु भएकोमा बैंक, बैंक सञ्चालक समिति तथा मेरो तर्फबाट समेत धन्यवाद दिन चाहान्छु । यहाहरुको सल्लाह, सुझावलाई आत्मसाथ गरी अगाडि बढ्नेछौं ।

१५ **छलफलको क्रम समाप्ति :**

शेयरधनीहरुले राखेको जिज्ञासा, सल्लाह, सुझावहरुको सम्बन्धमा सभाका अध्यक्षले जबाफ दिनु भए पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले छलफलका बिषयबस्तुहरु समाप्त भएको सभालाई जानकारी गराउनु भयो ।

१६ **सभामा पेश भएका प्रस्ताव र पारित निर्णयहरु**

(क) **सामान्य प्रस्ताब :**

(१) अध्यक्षज्युको मन्तब्य सहित चौवीसौ बार्षिक साधारण सभा (आ.व.२०८१/८२) को प्रयोजनका लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारीतका लागि अध्यक्षज्यूले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट छलफल पश्चात सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८१/०८२ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताब छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/०८२ सम्मको संचित मुनाफा रकम बाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,२९,६४,५८,१५८/–को ५.३७ प्रतिशतले हुन आउने रु.२३,०७,१९,८०३/०८ (अक्षरेपी तेईस करोड सात लाख उन्नाईस हजार आठ सय तिन र पैसा आठ मात्र) नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुंदा आर्थिक वर्ष २०८२/८३ को लागि श्री PKF T.R. Upadhya & Co लाई बाह्य लेखापरीक्षकमा नियुक्ति गर्ने र पारिश्रमिक बापत निम्न रु.२०,००,०००/– (बिस लाख मात्र) (कर बाहेक) भुक्तानी दिने सिफारिस सहितको प्रस्ताव लाई छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(५) विकास बैंकको नियमावली बमोजिम संस्थापक समुह (क) बाट ३ जना र सर्बसाधारण समुह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्बाचन गर्ने सम्बन्धमा :-

कम्पनीको नियमावली अनुसार संस्थापक शेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ जना सञ्चालकको निर्वाचन गर्ने निर्बाचन प्रयोजनका लागी सञ्चालक समितिको मिति २०८२/८/२४ को बैठकबाट बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुबेदीलाई निर्बाचन अधिकृत नियुक्ति गर्ने निर्णय भएको र निर्बाचन अधिकृत (निर्बाचन कार्यालय) बाट प्राप्त परिणाम बमोजिम बैंकको नियमावलीको नियम ८ (३) कम्पनि ऐन २०६३ को ९० (२) तथा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १५ (१) अनुसार संस्थापक शेयरधनी समुह (क) को तर्फबाट ३ र सर्वसाधारण शेयरधनी समुह (ख) को तर्फबाट ३ गरी जम्मा ६ जना बढिमा ४बर्षका लागी सञ्चालक पदमा निर्बाचन भएको घोषणा साधारण सभामा निर्बाचन अधिकृतले गर्नु भएकोमा सभाले सर्बसम्मतबाट स्वीकृति प्रदान गर्‍यो ।

निर्वाचित सञ्चालकहरुको नामावली

क्र.सं.	नाम थर	ठेगाना	प्रतिनिधित्व गर्ने समूह	कैफियत
१	श्री राजेश उपाध्याय	का.म.न.पा.वडानं.४, काठमाडौं	(क)	निर्वाचित
२	श्री संजय गिरी	वीरगञ्ज १२, पर्सा ।	(क)	निर्वाचित
३	ग्रोइङ्ग प्रा.लि.को तर्फबाट श्री सागर मल्ल	बुढानिलकण्ठ न.पा.वडा.नं.१०काठमाडौं	(क)	निर्वाचित
४	श्री श्याम सुन्दर रुँगटा	बिरगञ्ज ६ , पर्सा ।	(ख)	निर्वाचित
५	श्री राहुल अग्रवाल	सिद्धार्थनगर ४, रुपन्देही ।	(ख)	निर्वाचित
६	श्री शालिक राम अर्याल	भीरकोट न.पा.वडा.नं.७, स्याङजा ।	(ख)	निर्वाचित

(६) **स्वतन्त्र सञ्चालक नियुक्तीको जानकारी सम्बन्धमा** :
सञ्चालक समितिको मिति २०८२/३/२० बैठक.नं ६२४ बाट श्री अश्वीनी कुमार ठाकुरलाई बैंकको नियमावली तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ (३) बमोजिम मिति २०८२/३/२२ देखि लागु हुने गरी १ कार्यकाल (४ बर्ष) का लागी स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय भएको बिषय जानकारीका लागी पेश भएकोमा सभाले जानकारीमा लियो ।

(७) बैंकको कर्पोरेट भवन बनाउनका लागि आवश्यक जग्गा वा भवन खरिद गर्दा खरिद रकम ठुलो हुने भएकाले सभाबाट नै सैद्धान्तीक सहमति प्राप्त गर्नको लागि प्रस्ताव पेश भएकोमा सो उपर छलफल हुदा शेयरधनीहरुबाट सर्वसम्मतीले बैंकको कर्पोरेट भवन बनाउनका लागि आवश्यक जग्गा वा भवन खरिद गर्नसञ्चालक समितिलाई सैद्धान्तीक सहमति प्रदान गर्ने निर्णय गरियो ।

(ख) **बिशेष प्रस्तावहरु** :–

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८१/०८२ सम्मको संचित मुनाफा रकम बाट हाल कायम रहेको चुक्ता पूंजीको ५ प्रतिशतका दरले हुन आउने रकम रु.२१,४८,२२,९०७/९० (अक्षरेपी एक्काईस करोड अड्चालीस लाख वाईस हजार नौ सय सात र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव छलफल पश्चात सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि गर्न पारीत भए अनुसार प्रबन्धपत्र को दफा ५ (ख),(ग),संशोधन तथा परिमार्जन गर्ने समेतका दफाहरुमा संशोधन/परिमार्जन गर्ने निम्न बमोजिमको प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्बसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रबन्धपत्रमा भएको संशोधन,तथा परिमार्जन सम्बन्धी व्यवस्थाहरु

५. बिकास बैंकको पूँजीको संरचना :

विकाश बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

दफा ५ (ख) विकास बैंकको जारी पूँजी रू.४,५१,१२,८१,०६५/९० (अक्षरेपी चार अर्ब एकाउन्न करोड बाह् लाख एकासी हजार पैसट्ठी र पैसा नब्बे मात्र हुनेछ ।

सो पुँजीलाई प्रति शेयर रु.१००/-दरका रू.४,५१,१२,८१०.६६ (अक्षरेपी चार करोड एकाउन्न लाख बाह् हजार आठ सय दश दशमलव छ छ मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ५ (ग) विकास बैंकको चुक्ता पूँजी रू.४,५१,१२,८१,०६५/९० (अक्षरेपी चार अर्ब एकाउन्न करोड बाह् लाख एकासी हजार पैसट्ठी र पैसा नब्बे मात्र हुनेछ ।

(३) बिकास बैंकको प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्रमा संशोधन, परिवर्तन,वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था संबन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बैंकको प्रवन्धपत्रमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्बसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) विविध : छलफल गरीने बिषयहरु नभएको ।

१७. **धन्यबाद तथा सभा समापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुले सभामा सक्रिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्वन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनु भई सभामा पेश भएका सामान्य र बिशेष प्रस्ताव पारित गर्नु भएकोमा उहांहरु प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक व्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने शेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि. तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षक, शेयर रजिष्ट्रार (सिद्धार्थ क्यापिटल लि.), पत्रकारहरु लगायतलाई पुन:हार्दिक धन्यबाद दिदै अध्यक्षज्यूको अनुमतिलिई कम्पनी सचिवले आजको चौविसौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

....	....
सोमराज पन्त	राजेश उपाध्याय
(कम्पनी सचिब)	(अध्यक्ष–सञ्चालक समिति)